वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक ६ ● ने.सं. ११४० थिंलागा द्वादशी ● वि.सं. २०७६ पुस ७ गते, सोमबार ● 2019 December 23 Monday ● पृष्ठ ८

## कीर्तिपुर-चन्द्रागिरि नगरपालिका जोड्ने पुल बन्ने

# भौतिक पूर्वाधार मन्त्रीद्वारा शिलान्यास हुने



कीर्तिपुर नगरपालिका र चन्द्रागिरि नगरपालिका जोड्ने पुल बन्ने भएको छ। कीर्तिपुर नगरपालिका वडा नं. २ र ३ भएर चन्द्रागिरि नगरपालिका वडा नं. १५ जोड्ने दीखुको पुल बन्न लागेको हो। संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ्गले उक्त पुलको शिलान्यास गर्ने कार्यक्रम रहेको छ।

यही पुष १२ गते शनिवार दिनको ११ बजे उक्त पुलको शिलान्यास हुने भएको छ। उक्त पुल बनाउनको लागि पुष २ गते माननीय कृष्णगोपाल श्रेष्ठ, कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, कीर्तिपुर नगरपालिका वडा नं. ३ का अध्यक्ष राजेन्द्र महर्जन, वडा नं. ७ का अध्यक्ष राजकुमार माली, वडा नं. १० का अध्यक्ष अमन महर्जन र चन्द्रागिरी नगरपालिका वडा नं. १५ का अध्यक्ष उत्तमबहादुर राउतले स्थलगत निरीक्षण गर्नुभयो।

कीर्तिपुर र चन्द्रागिरि जोड्ने उक्त पुल जिर्ण भएकोले कीर्तिपुर नगरपालिका वडा नं. ३ ले पटक पटक मर्मत गरिरहेको थियो। यो पुल निर्माण सम्पन्न भएपछि कीर्तिपुर र आसपासका क्षेत्रबाट चन्द्रागिरि भएर थानकोट र उपत्यकाबाहिर जान कलंकीको बाटो जानु नपर्ने भएको हुनाले सजिलो हुने भएको छ। उक्त शिलान्यास कार्यक्रममा उपस्थित हुन कीर्तिपुर नगरपालिकाले सबैलाई हार्दिक अनुरोध गरेको छ।

*साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय सहर।*
*स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर॥*

## निमन्त्रणा

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री **श्री वसन्तकुमार नेम्वाङ्ग**ज्यूको प्रमुख आतिथ्यतामा हुने यस कीर्तिपुर नगरपालिका र चन्द्रागिरि नगरपालिका जोड्ने कीर्तिपुर तिनथाना सडकको दीखु खोलामा निर्माण हुने "आर.सि.सि.पुलको शिलान्यास" कार्यक्रममा यहाँको उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछु।

**- कार्यक्रम -**

● मिति : २०७६/९/१२ गते शनिवार ● समय : विहान ११ बजे ● स्थान : की.न.पा ३ दीखु।

रमेश महर्जन
*प्रमुख*
**कीर्तिपुर नगरपालिका**

## सम्पादकीय

# चिसो मौसममा सजक रहौं

पुष महिना लागेसँगै चिसो पनि बढिरहेको छ। यस चिसो मौसममा स्वास्थ्यमा विभिन्न समस्याहरू देखा पर्ने भएकोले सजक रहन आवश्यक देखिन्छ। चिसो मौसममा प्रायः रुघाखोकी लाग्ने, घाँटी दुख्ने, टन्सिल हुने, मुटुमा समस्या हुने, दम र निमोनिया हुने जस्ता स्वास्थ्यमा समस्याहरू हुने गर्दछन्। अझ बालबालिका, बृद्धबृद्धाहरू र दीर्घरोगीहरूलाई झन बढी समस्या हुने गर्दछ। चिसो मौसममा संक्रमण बढी हुने भएकोले स्वास्थ्यमा समस्या आउने हो। यस समयमा विहान घाम उदाउनुभन्दा अघि हिँडडुल (मर्निङ्ग वाक) समेत नजान डाक्टरहरूले सल्लाह दिएका छन्। यस हप्ता कीर्तिपुरमा न्यूनतम तापक्रम ३ डिग्री सेल्सियस र अधिकतम तापक्रम १७ डिग्री सेल्सियस हुने मौसमविद्हरूले जानकारी गराएका छन्।

यसैलाई मध्यनजर गरी कीर्तिपुर नगरपालिकाले जेष्ठ नागरिकहरूलाई लक्षित गरी न्यानो कपडा वितरण गरेको थियो। मंसिर ७ गते नै कीर्तिपुर नगरपालिका वडा नं. ९ स्थित बाघभैरव ब्यांक्वेटमा नगरभरिका ८० वर्ष पार गरेका जेष्ठ नागरिकहरूलाई सम्मान गर्नुका साथै न्यानो कपडा वितरण गरेको थियो। यद्दपि उक्त कार्यक्रममा नगरका सबै जेष्ठ नागरिकहरू उपस्थित हुन सकेन। उक्त कार्यक्रममा नगरपालिकाले जम्मा १४२ जनालाई मात्र सम्मान गरी न्यानो कपडा वितरण गरेको थियो भने बाँकीलाई सम्बन्धित वडा कार्यालय मार्फत न्यानो कपडा वितरण गरिरहेको छ। यो कीर्तिपुर नगरपालिकाको जेष्ठ नागरिकहरूप्रति सम्मान गर्ने सकारात्मक कार्य हो।

चिसो मौसममा राम्रोसित घाम पनि नलाग्ने र कोठा पनि अँध्यारो हुने भएकोले मनोबैज्ञानिक समस्याहरू पनि हुने गर्दछ। त्यसकारण चिसोबाट बच्न सकेसम्म घाम आएको बेलामा घाममा बस्ने, तातो रस भएको खानेकुराहरू खाने, शरीरलाई उर्जा दिने खानेकुराहरू खाने, ब्यायाम गर्ने, शरीरलाई तातो बनाउनको लागि न्यानो कपडाहरू लगाउने गर्नु पर्दछ। न्यानोमा बस्ने भनेर मकल, हिटर आदि बालेर झ्याल ढोकाहरू पूरै थुनेर सुत्नु हुँदैन। जसले गर्दा अक्सिजनको मात्रा नपुगेर मानिसको ज्यानै जान सक्दछ। भर्खरै कीर्तिपुर नगरपालिका वडा नं. ८ पांगामा यस्तै घटना घटेकोबाट शिक्षालिई चिसो मौसममा सावधान रहनु पर्दछ।

# उपमेयरद्वारा स्थलगत निरीक्षण



कीर्तिपुर नगरका विभिन्न स्थानहरूमा भैरहेको योजनाको उपमेयर सरस्वती खड्काको टोलीले स्थलगत निरीक्षण गरेको छ। पुष १ गते कीर्तिपुर नगरपालिकाका वडा नं. ५, ६, ७ र ८ मा स्थलगत निरीक्षण भएको हो। वडा नं. ७ स्थित इटागोलको तल्लो पाटी मर्मत संभारका साथै बाटोमा ब्लक ओछ्याएको, वडा नं. ६ मा गरुड स्थान उपभोक्ता समितिको काम, श्री भैरवनाथ तःगुठी भवनमा दाचि ईंटा लगाउने कामको निरीक्षण भएको थियो। यो गुठी पाँगाको सबैभन्दा ठूलो गुठी हो र यस योजनाबाट ३००० जना लाभान्वित हुने जनाइएको छ।

उपमेयर खड्काको टोलीमा कीर्तिपुर नगरपालिकाका लेखा अधिकृत मित्र प्रसाद घिमिरे र प्राविधिक चाँदनी थापा सम्मिलित हुनुहुन्थ्यो।

## सार्वजनिक जग्गामा बनाइरहेको टहराहरू हटाइने



कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभार स्थित सार्वजनिक जग्गा ओगटेर बनाइएको साबुन कारखाना हटाइने भएको छ। चोभारस्थित मोर्डन ईण्डियन स्कूलको पछाडिपट्टीको सार्वजनिक जग्गामा अनाधिकृत रुपमा टहरा बनाइ साबुन बनाउनको लागि चाहिने कच्चापदार्थ उत्पादन गर्दै आइरहेको छ। उक्त कारखानाले साबुन बनाउनको लागि मिसाइने बोसो पगाल्ने काम गर्नुका साथै राँगा भैंसीका हड्डीहरूलाई जम्मा पार्दै आइरहेको छ। वडा कार्यालयले उक्त टहराहरू हटाउनको लागि सूचना जारी गरिसकेको भएतापनि उक्त टहराहरू नहटाइएकोले पुष २ गते कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, नेपाल प्रहरी कीर्तिपुर वृत्तका डिएसपि छेदिलाल कामती, वडाअध्यक्ष न्हुच्छेबहादुर महर्जन सहितले स्थलगत निरीक्षण गरी तुरुन्त हटाउन निर्देशन दिनुभयो।

साथै यसै क्षेत्रमा अनाधिकृत रुपमा टहरा बनाई बंगुर पालन पनि गरिरहेकोमा सो पनि हटाउन निर्देशन दिनुभएको थियो।

# कीर्तिपुरमा “सारङ्गी गाउँ” बनाइने




नेपालको लोकबाजा सारङ्गीका प्रख्यात बादक स्वर्गीय रामशरण नेपालीको सम्झनामा “सारङ्गीको नेपाली भाका” नामक एक साङ्गीतिक कार्यक्रम आयोजना भएको छ। स्वर्गीय नेपालीका ३ पुस्ता एकै ठाउँमा मिलेर गरेको उक्त कार्यक्रम पुष ५ गते शनिवार राष्ट्रिय सभा गृहमा भएको थियो।

नेपाल संगीत नाट्य प्रतिष्ठानका कुलपति रायनले पानसमा बत्ती बाली उद्घाटन गर्नुभएको कार्यक्रममा स्वर्गीय नेपालीका सन्तानहरू विश्व नेपाली, रेसु नेपाली, श्याम नेपाली, प्रिन्स नेपाली, प्रज्वल नेपाली, शान्ति नेपाली लगायतले गीतहरू प्रस्तुत गरेका थिए।

कार्यक्रमको आकर्षण लोकबाजा सारङ्गीका विभिन्न धूनहरू प्रस्तुत गर्नुका साथै प्रशिद्ध गितारिष्ट अनिल शाहीसँग सारङ्गी र गितारको फ्यूजन प्रस्तुत गरिएको थियो भने सुकर्म ब्याण्डले सितारबादनका साथ पनि सारङ्गीको धून प्रस्तुत गरेको थियो। कार्यक्रमबारे प्रष्ट पार्दै स्वर्गीय रामशरण नेपालीका माइला छोरा श्याम नेपालीले प्रसिद्ध सारङ्गी र यसको धूनको संरक्षण गर्न कीर्तिपुरमा सारङ्गी गाउँ नै स्थापित गर्ने लक्ष्य रहेको बताउनु भयो। स्वर्गीय रामशरण नेपाली सम्मिलित एक डकुमेन्ट्री समेत प्रस्तुत भएको कार्यक्रममा चर्चित कलाकारहरू यमन श्रेष्ठ, गौतमदास मानन्धरले आफ्नो गीत प्रस्तुत गर्नुभएको थियो भने म्युजिक नेपालका सन्तोष शर्मा, चर्चित हास्यकलाकार हरिवंश आचार्यले आफ्नो मन्तब्य दिनु भएको थियो। कीर्तिपुर नगरपालिकाले सहयोग गरेको उक्त कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले चर्चित हास्यकलाकार हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठको लागि वहाँका छोरा यमन श्रेष्ठलाई सम्मान गरेको थियो भने प्रमुख अतिथि नेपाल संगीत नाट्य प्रतिष्ठानका कुलपति रायनले मेयर महर्जनलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

# मेयर महर्जन निरीक्षणमा

बागमती करिडोर खुलाउनेबारे कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले निरीक्षण गर्नुभएको छ। कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभारस्थित मोर्डन ईण्डियन स्कूलनिरसम्म काम भैरहेको र सो स्कूलबाट नख्खु दोभानसम्म उक्त करिडोर खुलाउने सन्दर्भमा मेयर महर्जनले स्थलगत निरीक्षण गर्नुभएको हो। बागमती करिडोरको मापदण्डअनुसार छोड्नु पर्ने जग्गा उक्त स्कूलले आफ्नो कम्पाउण्ड बनाई स्कूलको खेलमैदान बनाइरहेकोले सोको निरीक्षण गरी उक्त ठाउँमा करिडोर खुलाउन मेयर महर्जनले निर्देशन दिनुभयो। निरीक्षणमा मेयर महर्जन लगायत कीर्तिपुर नगरपालिका वडा नं. ६ का अध्यक्ष न्हुच्छेबहादुर महर्जन, कीर्तिपुर नगरपालिकाका वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जन, बागमती करिडोर आयोजनाका डिभिजन ईन्जिनियर कमल अर्याल उपस्थित हुनुहुन्थ्यो। उक्त करिडोर खुलाएर निकट भविष्यमा फाष्ट ट्रायकमा जोड्ने लक्ष्य रहेको छ।



# चोभारय् अपाङ्गमैत्री च:बि दयेकीगु



किपू नगरपालिका वडा नं. ६ चोभारय् च्वंगु मञ्जुश्री पार्कय् अपाङ्गमैत्री चःबि दयेकीगु जूगु दु। १६.७९ वर्ग मिटरय् दयेकीगु उगु सार्वजनिक चःबि दयेकेज्या जुयाच्वंगु वडाअध्यक्ष न्हुच्छेबहादुर महर्जनं जानकारी बियादीगु दु। अथेहे चोभार गणेद्यःयाथाय् कुहाँवनेथाय् नं रिटेलिङ्ग वाल दयेकेज्या जुयाच्वंगु दु।

थ्यंमथ्यं २०० मिटरया थुगु रिटेलिङ्ग वाल दयेकेज्या क्वचायेवं अन फुटपाथ लिसें चोभार व मञ्जुश्री पार्कय् वइपिनिगुया लागिं पार्किङ्ग दयेकेगु धकाः वडाअध्यक्ष महर्जनं जानकारी बियादीगु दु।

# थीथी संचार माध्यमय् किपू नगरपालिका

किपू नगरपालिकाया बारे थुगु वालय् थीथी संचार माध्यमं समाचार दयेकूगु दु। किपुलिं पिदनीगु ज्वजलपा वाःपतिं सम्पादकीयलय् किपू नगरपालिकां पिथंगु नगर सन्देशया बारे थाय् ब्यूगु दु। ज्वजलपाया सम्पादकीयलय् किपू नगरपालिकां पिथनावयाच्वंगु नगर सन्देश वाःपौ छगू किपू नगरया लागि बांलाःगु ज्या जूगु व नगरपालिकां बिचाःयाःथें थुगु पौ नगरया छैँय् छैँय् थ्यंकेगु अःपुगु ज्या मखु धकाः धाःगु दु।

किपुलिं पिदनीगु कीर्तिपुर दर्पणं थुगु वाःया ल्याखय् न्हापांगु पेजय् हे किपू नगरपालिकाया बारे समाचार दयेकूगु दु। कीर्तिपुर दर्पणं किपू नगरपालिकाया वेबसाईट अपडेट मजूगु खँयात न्ह्यथंगु दु। समायोजनय् वयाच्वंपिं कर्मचारीत अप्वःल्याखय् दुगुलिं गुलि कर्मचारी दु धइगु खँय् वेबसाइटय् अपडेट मजूगुलिं कुंखिनातःगु दु। लिसें नगरपालिकाया थःगु लोगोया बारे नं न्ह्यसःतःगु दु। लोगोया अर्थ छ्यायेमफुगु खँ कुलादिसें थौंकन्हय् लोगो नं अन्तर्राष्ट्रियकरण यायेगु चलन वयेधुंकूगुलिं किपू नगरपालिकाया लोगोय् नं अंग्रेजी आखः तयेमाःगु धकाः सुझाव बियातःगु दु।

अथेहे पुष ३ गते बिहिवाःया नेपालमण्डल टेलिभिजनं किपू नगरपालिकाया विषयस समाचार दयेकूगु दु। विहिवाःया नेपालमण्डल समाचारय् किपू नगरपालिकां बियाच्वंगु सेवा सुविधा छु गुकथं दु धइगु सेवाग्राहीतयूगु नुगःखँ ब्वःगु खः। आपाःसिनं किपू नगरपालिकां बियाच्वंगु सेवा सुविधा सन्तोषजनक हे दुगु न्ह्यथंगु खःसा गुलिसिनं बजि नयेगु इलय् सुं हे कर्मचारीत मदइगु जूगुलिं थ्व इलय् कर्मचारीतयूत पालंपाः याःसा बांलाइगु न्ह्यथंगु खः।

# सूचना ! सूचना !! सूचना !!!

२०७६/०८/२४

प्रस्तुत विषयमा सम्वन्धमा काठमाण्डौ जिल्ला, कीर्तिपुर नगरक्षेत्र भित्र बसोबास गर्ने आम जनसमुदायमा यस कीर्तिपुर नगरपालिका कार्यालयको तर्फबाट भवन निर्माण अनुमतिबिना गैर कानूनी तरिकाले बाटोमा अवरोध पुग्ने गरी पर्खाल, घर टहरा, बार कम्पाउण्ड लगाउने, निर्माण सामाग्री थुपार्ने एवं घर कम्पाउण्डको पानी निकास सार्वजनिक आवागनमा अवरोध हुनेगरी बाटोमा छाड्ने गरेकोले सर्वसाधारण आम नागरिकमा समस्या परेको भन्ने मौखिक तथा लिखित उजुरीहरू पर्न आएकोले यस विषयमा कीर्तिपुर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। यसरी नक्सा पास नगरी वा मापदण्ड विपरीत गैरकानूनी तरीकाले भौतिक संरचना निर्माण गर्ने र आवगनमा बाधा पर्ने गरी सडकमा निर्माण सामाग्री राख्ने सरोकारवाला सबैमा यो सूचना जारी भएको मितिबाट ३५ दिन भित्र बाटोको अवरोध अविलम्व हटाउनु हुन तथा कानूनबमोजिम भवन निर्माण अनुमती लिई स्वीकृत मापदण्ड बमोजिम मात्र घर संरचनाहरू निर्माण गर्नहुन अनुरोध गरिन्छ। साथै यो सूचनाको वेवास्ता गरी नहटाएमा नगरपालिका आफैले हटाई सो बापत लाग्ने खर्च "स्थानीय सरकार संचालन ऐन, २०७४"बमोजिम असुल गरिने बेहोरा समेत अनुरोध गरिन्छ।

**ध्रुवराज आचार्य**

*प्रमुख प्रशासकीय अधिकृत*

**कीर्तिपुर नगरपालिका**

# ख्रीष्टमसया लसताय् भिंतुना कालबिल ज्याझ्व: जुल



खीष्ट येशुया बुन्हिया लसताय् किपुलिइ त:जिक भिंतुना कालबिल ज्याभ्व: जूगु दु। पुष ५ गते शनिवा: कीर्तिपुर पार्टी पालेस, त्यालँय् जूगु ज्याभ्व:या मूपाहाँ किपू नगरपालिकाया मेयर रमेश महर्जनं त्वा:देवाय् मत च्याका उलेज्या यानादीगु ख:। किपुलिइ दुगु थीथी १५ गू चर्चत दुथ्या:गु कीर्तिपुर फेलोसिप चर्चया ग्वसालय् थुगु ज्याभ्व: जूगु ख:।

नेपा:या संविधानय् धर्मनिरपेक्ष देय् जुइधुंकूगु जूगुलिं दक्वं धर्मयात सरकारं उलि हे महत्व बीमा:गु सरकारया दायित्व नं जूगु न्ह्यथनादिसें मूपाहाँ मेयर महर्जनं स्थानीय सरकार (नगरपालिकां) नं क्रिश्चियन धर्मयात नं ग्वहालि यायेगु बचं बियादिसें ख्रीष्टमसया लसताय् भिंतुना बियादिल। नेपा:या राष्ट्रिय म्यैं हायेका शुरु जूगु ज्याभ्वलय् प्रार्थना नं या:गु ख:सा बाइबलया छत्वा: ब्वनान्यंकादीगु ख:।

विशेष पाहाँ किपू नगरपालिकाया उपमेयर सरस्वती खड्कां नं ख्रीष्टमसया लसताय् भिंतुना बियादीगु ज्याभ्वलय् किपू नगरपालिकाया आपालं वडाअध्यक्षपिंलिसें त्रिविवि‌या पुलांम्ह उपकूलपति डा. हिराबहादुर महर्जन, प्याब्सनया अध्यक्ष कृष्णमान डंगोल, नेपाल प्रहरी कीर्तिपुर वृत्तया डिएसपिं छेदिलाल कामती आदिपिनिगु नं ब्वति दुगु ख:।

प्रत्येक दँया डिसेम्बर २५य् हलिंन्यंक ख्रीष्टमस न्यायेकीगु ख:सां ग्वसा:खल: कीर्तिपुर फेलोसिप चर्चं शनिवा: किपुलिइ त:जिक ज्याभ्व: या:गु ख:।

# पर्यटन सुचं व सेवा केन्द्रया भवन दयेकीगु

किपू नगरपालिका वडा नं. १० अमल्सिइ (किपू ध्वाखा लिक्क) पर्यटन सुचं व सेवा केन्द्रया छैं दयेकीगु जूगु दु। नेपाल सरकारं सन् २०२० यात नेपाल भ्रमण दँ धका: घोषणा यानात:बलय् थ्व छैं दयेकीगु जूगु दु। थुकीयानां किपुलिई पर्यटकत हयेत वा पर्यटकत वयेत अ:पुइगु जूगु दु।




थ्व भवन दयेकेया लागि किपू नगरपालिकां वंगु वि.सं. २०७६ असोजया १० गते हे टेण्डर आह्वान या:गु ख:सा उकीमध्ये दक्कले म्हो धेवां ज्या पूवंके धका: गोकर्ण नगरपालिका वडा नं. ४ या रिजेन्सी बिल्डर्स प्रा.लिं. टेण्डर त:गुलिं थ्वयात हे थुगु टेण्डर ला:गु ख:। थ्व विषयस नगरपालिकां वंगु मंसिर २४ गते सुचं पिथना थ्व खँया सार्वजनिक जानकारी ब्यूगु ख:। उगु भवन दयेकेया लागिं नगरपालिकाया अनुमानित बजेत रु. १,०७,७०,२७३।६७ त:गु ख:सा उकीयात रु.६६,३२,१७२।७९ ज्या पूवंके धका: रिजेन्सी विल्डर्सं टेण्डर त:गु ख:। आ: याकनं हे उगु ज्या शुरु जुइगु जूगु दु।

## Invitation for Bids

Government of Nepal (GoN)

**Kirtipur Municipality, Office of the Municipal Executive**

Date of publication: 2076/09/04

1. Kirtipur Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Municipal Executive, Kirtipur Municipality, 014332205 or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable bid document fee as per below specified.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank**: Krishi Bikas Bank, Kirtipur
   **Name of Office**: Kirtipur Municipality, Office of the Municipal Executive
   **Office Account no.**: 0211100047277011
4. Pre-bid meeting shall not be held.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S N | IFB No | Descriptions of Work | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date and Time | Non-refundable bid Document Fee | Bid Security amount and Validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM – 21/ 076/077 | Chhungaun - Taudaha - Road Improvements | 78,88,248.34 | Date:- 2076/10/06 Time:- 12:00 | Date: 2076/10/06 Time:- 16:00 | NRs. 3,000/- | NRs. 2,00,000/- valid for a period of 120 days after bid opening |
| 2 | KRM –22/ 076/077 | Bishwarastriya Ma. Bi. -Chhugaun Dobato Sadak Bistar tatha Starunnati | 72,74,836.23 | Date:- 2076/10/06 Time:- 12:00 | Date: 2076/10/06 Time:- 16:00 | NRs. 3,000/- | NRs. 1,90,000/- valid for a period of 120 days after bid opening |



पुष्पलाल मार्गको कीर्तिपुर नगरपालिका वडा नं. ४ स्थित दूधपोखरी जाने चोकबाट दूधपोखरी जानेबाटो फराकिलो पारिँदै। *तस्बिर : ज्ञानकुमार महर्जन*

# गाम्चामा ऐतिहासिक पाटी बन्दै

कीर्तिपुर नगरपालिका वडा नं ४ गाम्चामा ऐतिहासिक रुपमा रहेको पाटी निर्माण गर्न चालु आर्थिक वर्ष २०७६/०७७ को नगरपालिका स्तरीय बजेटबाट रु. २०,००,०००।- (अक्षेरुपि बिस लाख मात्र) विनियोजन गरिएको छ। उक्त पाटी निर्माण गर्न वि.सं. २०७० सालमा कीर्तिपुर नगरपालिकाबाटै रु. ३,५०,०००।- (अक्षेरुपि तिन लाख पचास हजार मात्र) उपलब्ध गराएकोमा पाटीको जग खन्न र पिलर उठाउन मात्र सकेको थियो। यसैलाई निरन्तर गर्दै उक्त पाटी सम्पन्न गर्नको लागि कृष्णकाजी महर्जनको अध्यक्षतामा गाम्चा सामुदायिक पाटी निर्माण उपभोक्त समिति नै गठन गरी कार्य अघि बढाइरहेको छ।

यस बजेटबाट अब उक्त पाटीको १ तल्ला सम्पन्न भई शौचालय समेत बन्ने उपभोक्ता समितिका सचिव डिक्सन महर्जनले जानकारी दिनुभएको छ।



# कीर्तिपुर नगरका अगुवा कृषकहरू कृषि भ्रमणमा

कीर्तिपुर नगरपालिकाका कृषकहरू जिल्ला अध्ययन अवलोकन भ्रमण गरी फर्किएका छन् । कीर्तिपुर नगरपालिको कृषि शाखाद्वारा मंसिर २७ गते दुईदिने भ्रमण लगेको थियो ।

भ्रमणमा असल छिमेकी नेपाल, नेपाली जुटो र वर्ल्ड भिजन संस्थाले सहयोग गरेको थियो । कीर्तिपुर नगरपालिकाको अगुवा कृषकहरूले पोखरा र हेम्जाको भ्रमण गरेका थिए । कृषि अनुसन्धानका क्रममा सो भ्रमण भएको हो । भ्रमणमा २६ कृषकसहित ३४ जना रहेका थिए ।



## कीर्तिपुर नगरपालिका
## कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको
### पूनः सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना
(पूनः प्रकाशित मितिः २०७६/०९/०२)

यस नगरपालिकाको निम्न योजना सिलवन्दी दरभाउपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवसाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन पूनः सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।
२) दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु निजको वारेसको उपस्थितिमा खोलिनेछ । निर्माण व्यवसायी उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
५) सिलबन्दी दरभाउपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** कम्तीमा १२० दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।
६) दरभाउपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।
७) दरभाउपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ ।
८) यस दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।
९) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र खोल्ने मिति, समय र स्थान | दरभाउपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|---|---|
| १. | KRM 10/076/077 | झुलपोखरीमा खानेपानी ट्याङ्की निर्माण, वडा नं. ४ | १७,२९,६००।- | ७ औं दिन कार्यालय समय भित्र खरिद गरी ८ औं दिन, मध्यान्ह १२:०० बजे सम्म कीनपा कार्यालयमा पेश गर्नु पर्ने | ८ औं दिन, दिनको ४:०० बजे, कीनपा कार्यालय | १०००।- |

# सौगात मन्टेश्वरी स्कूल आइकन २०१९ सम्पन्न




सौगात मन्टेश्वरी स्कूलको आयोजनामा चौथो पटक सौगात मन्टेश्वरी स्कूल आइकन २०१९ को आयोजना गरिएको छ। पुष ५ गते राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा स्कूलका स-साना विद्यार्थी भाइबहिनीहरूले आ-आफ्नो प्रतिभा देखाएको थियो। सहभागी विद्यार्थी भाइबहिनीहरूले परिचय सेगमेण्टदेखि विभिन्न जजहरूले सोधेका प्रश्नको उत्तर दिएका थिए।

प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले सहभागी विद्यार्थी भाइबहिनीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको थियो। प्रमुख अतिथि मेयर महर्जनले आफू पनि स्कूलमा प्रधानाध्यापकको जिम्मेवारी पूरा गरी आएको स्मरण गर्दै सहभागी बालबालिकाहरूको प्रतिभा देखेर आफू प्रशन्न भएको बताउनु भयो। सबै सहभागी विद्यार्थी भाइबहिनीहरूले भविष्यमा आफू डाक्टर, ईन्जिनियर, पाइलट, शिक्षक, गायक, नृत्य गर्ने जस्ता उद्देश्यहरू भएको बताएकोमा अभिभावकहरूलाई उनीहरूको ईच्छालाई पूरा गर्न सुझाव दिनुभयो साथै असल मानिस बनाउनलाई पनि सुझाव दिनु भयो। प्रमुख अतिथि मेयर महर्जनलाई पनि आयोजक स्कूलले मायाको चिनो प्रदान गरेको थियो।

## नगर सन्देशको सूचना

**कीर्तिपुर नगरपालिकामा हुने गरेका नगरपालिकासंग सम्बन्धीत कुनैपनि कामहरूका बारेमा प्रचार प्रसार वा प्रकाशनार्थ यस नगर सन्देश साप्ताहिकमा पठाईदिनु हुन सम्पूर्ण वडा कार्यालय र सम्बन्धीत नगरबासीमा हार्दिक अनुरोध गर्दछ।**

**नगर सन्देश साप्ताहिक**
कीर्तिपुर नगरपालिका भवन, देवढोका
इमेल : nagarsandes@gmail.com

## कीर्तिपुर नगरपालिकाको

## सूचना

१) यस नगरपालिकाभित्र क्रियाशिल नागरिक समाज, टोल सुधार समति वा अन्य कुनैपनि संघसंस्थाहरूको सुचिकृत गर्नु पर्ने भएकोले यथाशिघ्र नगरपालिकामा दर्ता गर्न आउनु हुन अनुरोध छ।

२) यस नगरपालिकाभित्र बसोबास गरिरहनु भई नगरपालिकामा स्वयम्सेवा गर्न इच्छुक स्वास्थ्यकर्मि तथा इन्जिनीयरिङ्ग सम्बद्ध नागरिकहरूलाई यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्न आउनु हुन अनुरोध छ।

**कीर्तिपुर नगरपालिका,** *देवढोका, कीर्तिपुर*

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित • संयोजक : ज्ञानकुमार महर्जन • मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
• कार्यालय : कीर्तिपुर नगरपालिका भवन • फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) • वेबसाइट : www.kirtipurmun.gov.np
• ई-मेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np • Facebook : facebook.com/kirtipurmun • Facebook : Nagar Sandesh • ई-मेल : nagarsandes@gmail.com